आज मिति २०७८ साल चैत्र १ गते मंगलवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री धन कुमार राई | |
| १९ | प्रशासन शाखा | श्री राजेश राई | |
| | | | |

७८/१२/१
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भोजपुर
प्रदेश नेपाल

०७८/१२/१

**प्रस्तावहरु**

१. निशुल्क जग्गा प्राप्ति सम्वंन्धमा
२. निशुल्क जग्गा प्राप्तिको लागि जिम्मेवारी तोक्ने सम्वन्धमा
३. आर्थिक सहयोग सम्वन्धमा

**निर्णय**

**प्रस्ताव १** माथि छलफल भइ आमचोक गाउँकार्यपालिकाको मिति २०७८/१०/१७ को निर्णय वमोजिम आमचोक गाउँपालिकामा कोल्ड स्टोर भवन निर्माणको लागि २ रोपनी जग्गा आवश्यक भएकोले निशुल्क जग्गा दान गर्ने दाताहरुवाट पूर्णडाडा देखि भिमेश्वरी स्कुलसम्म मूल सडक आसपासको जग्गा दानको लागि सूचना प्रकाशित भए वमोजिम आमचोक ३ निवासी नारायण प्रसाद सुवेदीले आमचोक ३ स्थित कित्ता नं.५५४ को क्षेत्रफल ११-५-२-२ बाट बाटो जडान हुने गरी २-०-०-० ( दुइ रोपनी) निशुल्क दिने आवेदन प्राप्त भएकोले सो जग्गा प्राप्ति गर्ने ।

**प्रस्ताव नं.२** माथि छलफल भइ आमचोक गाउँपालिकामा कोल्ड स्टोर भवन निर्माणको लागि आमचोक ३ निवासी नारायण प्रसाद सुवेदीले आमचोक ३ स्थित कित्ता नं.५५४ को क्षेत्रफल ११-५-२-२ बाट बाटो जडान हुने गरी २-०-०-० ( दुइ रोपनी) निशुल्क जग्गा उपलव्ध गराउने भएकोले सो जग्गा गाउँपालिकाको नाम्मा पास गर्नको लागि यस गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख श्री महि नारायण चौधारीलाई तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३** माथि छलफल भइ इन्टरनेशनल फ्रेन्चाइज टेलिभिजन कार्यक्रम द भोइस अफ नेपाल किड्समा आमचोक १० निवासी सुखमान राई (सुमन राई) को छोरी सर्गम राई टप २४ मा छनौट भएकोले टप १६ हुदै टप १ सम्म छनौटको लागि अन्य शिर्षकवाट रु. १५०००। आर्थिक सहयोग उपलव्ध गराउने ।

2078/12/1
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भोजपुर
नेपाल

78/12/1